# आर्थिक वर्ष २०८०/०८१
# को
# बजेट तथा कार्यक्रम



श्री मधुवन नगरपालिकाको बाह्रौं नगरसभामा नगर उप-प्रमुख


श्री अनिता चौधरी ज्यू बाट प्रस्तुत

<u>बजेट तथा कार्यक्रम</u>

२०८०

https://madhuwanmun.gov.np/en

# मधुवन नगरपालिकाको राजनीतिक नक्सा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection Systen: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

**यस गरिमामय नगर सभाका अध्यक्ष ज्यू,**

**उपस्थित सभाका सम्पूर्ण सदस्य ज्यूहरु,**

**सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु,**

**सम्पूर्ण पत्रकार मित्रहरु।**

*“पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधार ,*
*मधुवन नगरपालिका विकासको मूल आधार “*

भन्ने मूल नाराका साथ अघि बढेको यस मधुवन नगरपालिकाको बाह्रौं नगर सभामा नगर प्रमुखको हैसियतले आ.व. २०८०/०८१ को स्वीकृत नीति अनुरुप बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरावान्वीत महसुस गरेको छु ।

स्रोतको सिमितता बढ्दो जनचाहानाका वाबजुध समग्र मधुवनको विकासमा महत्वपूर्ण योगदान रहोस भन्ने उदेश्यले यस गरिमामय सभाले पास गरको नीति तथा विभिन्न कानुनले निर्दिष्ट गरेको दायराको परिधि भित्र रहेर यो बजेट तथा कार्यक्रम प्रस्तुत गरेकी छु । यो बजेट प्रस्तुत गर्ने अवसर सम्म ल्याई पुर्याउनु हुने लोकतान्त्रिक आन्दोलनका विभिन्न चरणमा सहादत प्राप्त गर्नुहुने सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्न चाहन्छु ।साथै प्राप्त लोकतान्त्रिक अभ्यासबाट मलाई विजय गराई यहाँ सम्म ल्याउनुहुने पार्टीका कार्यकर्ता, नेता, आम मतदाता सबै संघ संस्था तथा राजनीति दलहरु र मेरा आदरणीय आमाबुवा, दाजुभाई , दिदीबहिनीहरु प्रति उच्च सम्मानका साथ आभार व्यक्त गर्न चाहन्छु ।

**सभाका अध्यक्ष ज्यू,**

अब म आर्थिक वर्ष ०७९/०८० को बजेट समिक्षा गर्न चाहन्छु । निर्वाचन सम्पन्न पश्चात दोस्रो आ.व.को लागि स्वीकृत नीति कार्यक्रमको लक्ष्य पुरा गर्नलाई बजेट तथा कार्यक्रम तयार गरिएको छ । राम्रा नराम्रा विषयवस्तु केलाउन नपाउंदै नयाँ बजेट निर्माण गर्ने गहन जिम्मेवारी पनि प्राप्त भयो। सोहि जिम्मेवारी अनुरुप निर्माण भएको कुल बजेट रु. १०,५,६९,२८,००० को यो बजेट प्रस्तुत गर्दा सम्म चालु तर्फको खर्च ७५.१२ प्रतिशत र पुंजी तर्फको खर्च ४७.९१ प्रतिशत तथा समग्रमा ६२.६१ प्रतिशत हुन गएको छ ।सुरु आ.व. को सुरुवाती चरणमा आयोजना निर्माणका केहि त्रुटिहरु सच्याउदै हिउँदे सभाबाट केहि ठुला र दुरगामी प्रतिफल दिने खालका योजनाहरु निर्माण गरि कार्यन्वयन गर्न सफल भयौं ।

जनचाहना र जनगुनासोहरुलाई केहि हद सम्म भएपनि समाधान गर्न र दिगो विकासका लक्ष्य प्राप्त गर्ने प्रयासहरु अघि बढि नै रहेका छन । आ.व. को दोस्रो चौमासिक देखि विकास निर्माणका प्रक्रियाले तीव्र गति लिदै गयो ।ओराली बजार- ठाकुरद्वारा सिमाना सम्म सडक निर्माण , कार्यालय परिसर भित्र बाउन्ड्री वाल सहित नहर निर्माण, मोटर ग्यारेज, गार्डेन पेटी, माछा पोखरी र नाला निर्माणका कार्यहरु सम्पन्न भएका छन भने पिच गर्ने कार्य र गेट निर्माण समेत प्रगतिमा छन ।

मुख्य बजार क्षेत्र रहेका ८ स्थानमा हईमस्ट लाइट जडान गरि सुचारु गरिएको छ भने सबै वडाहरुमा सडक बत्तीहरुको जडान कार्य सुरु भैसकेको छ । बजार क्षेत्र भित्र करीब २ कि.मि. सडक अस्फाल्ट पिच भैसकेको छ । करिब ९ कि.मि. सडक अस्फाल्ट पिच हुने तयारीमा छ ।वडा न. ५ को पिच सम्पन्न भई वडा न. ५ र ३ जोड्ने सडक निर्माण कार्य सम्पन्न हुने तयारीमा छ । लालसिंह चोक-भन्सार रोड, १२ न. हुलाकी सडक देखि धर्मवस्ती जोड्ने सडकहरु पनि कालोपत्रे हुने अवस्थामा छन । थुप्रै स्वास्थ्य संस्थाहरुमा सुधार भएका छन भने नगर अस्पताल सम्पन्न हुने अवस्थामा पुगेको छ । विभिन्न मठ, मन्दिर,धर्म संस्कृति र शिक्षा क्षेत्रमा समेत उल्लेखनीय लगानी भई सबै क्षेत्रमा सुधारका संकेतहरु देखिएका छन । १-९ वडामा पक्कि सडकहरु निर्माण हुने प्रक्रियामा छन । थुप्रै अन्य भौतिक संरचनाहरुको निर्माण सम्पन्न भएका छन । विभिन्न सामाजिक क्रियाकलापहरु संचालन भएका छन । आँखा अस्पताल, रेडक्रस, खानेपानी जस्ता संस्थाहरुले समेत सेवामा अमूल्य योगदान दिएका छन। आ.व. ०७९/०८० समाप्त हुनै लाग्दा आसातित प्रगतिहरु थपिएका छन ।

यसका बाबजुद हुलाकी सडक-प्रगति बजार जोड्ने सडक, ल्याण्डफिल्ड साइट व्यवस्थापन जस्ता आयोजनाहरुको प्रगति निरासाजनक हुँदा केहि टिका टिप्पणी गर्ने अवसर समेत जनमानसमा दिएको कुरा नकार्न सकिंदैन।

नेपालको संबिधान, पंध्रौ आवधिक योजना, दिगो विकासको लक्ष्य, संघिय तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, आ. व. २०८०/०८१ को मधुवन नगरपालिकाको नीति तथा कार्यक्रमका लक्ष्य र उदेश्य परिपूर्तिका लागि सरोकारवाला सम्बद्ध सबै बाट प्राप्त सुझावलाई मनन गर्दै आ.व. ०८०/०८१ को लागि बजेट तर्जुमा गरेकी छु ।

**सभा अध्यक्ष महोदय,**

नीतिले निर्धारण गरेका लक्ष्य र उदेश्यहरु प्राप्त गर्न देहाय अनुसारका विषय, क्षेत्रगत बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**१.**

- नगर विकासलाई दिगो भरपर्दो र योजनाबद्ध बनाउन यसै वर्षमा बृहत नगर गुरुयोजना तयार गरि लागु गर्ने आवश्यक व्यवस्था मिलाएकी छु । यसका लागि रु. १५ लाख बिनियोजन गरेकी छु ।
- नगरपालिका परिसरको सैन्दर्यता बढाउन, परिसरलाई वातावरण मैत्री बनाउन तथा सार्वजनिक जग्गा संरक्षण गर्न जडीबुटी पार्क निर्माण लगायतका अन्य पार्कहरु समेत निर्माणका लागि रु. ४४ लाख बिनियोजन गरेकि छु ।
- दिगो विकास गर्ने उदेश्यले १-९ वडामा गुणस्तरीय अस्फाल्ट पिच सडक निर्माण कार्यलाई प्राथमिकता दिएकी छु ।यसका लागि करिब रु. १० करोड बिनियोजन गरेकी छु ।

- ग्राभेल सडक नपुगेका ग्रामिण वस्तीहरुमा सडक संजाल संग जोड्न ग्राभेल कार्यक्रम अन्तर्गत आवश्यक बजेटको व्यवस्था गरेकी छु । यसका लागि नगरबाट रु. ५० लाख बिनियोजन गरेकी छु । साथै वडाले पेश गरेको कार्यक्रमहरुमा समेत उल्लेखीय बजेटको व्यवस्था गरेकी छु ।
- धर्म संस्कृति संरक्षण र मठ मन्दिर निर्माण तथा सम्पन्न गर्न विशेष बजेटको व्यवस्था गरेकी छु ।यसका लागि करिब रु. ४० लाख बिनियोजन गरेकी छु ।
- यसै वर्ष कृषि हाटबजार व्यवस्थापन गर्न सेड निर्माण, सार्वजनिक सौचालय निर्माण जस्ता कार्यहरुका लागि आवश्यक बजेट बिनियोजन गरेकी छु ।

## २.

आ.व. २०८०/०८१ शिक्षाका लागि रु. ३ करोड ७५ लाख बिनियोजन गरेकी छु ।जसमध्ये मुख्य मुख्य कार्यक्रमहरु निम्न छन ।

- नगर शिक्षकको तलब भत्ता, बालविकास शिक्षक र विद्यालय कर्मचारीहरुका लागि रु. २ करोड ७९ लाख १२ हजार बिनियोजन गरेकी छु ।
- नगर भित्रका असाहाय, अनाथ बालबालिकाहरुलाई निशुल्क आवास र अध्ययनको ब्यवस्थापनलाई थप प्रभावकारी बनाउन सरस्वती आ.बि. पत्थरबोझीमा रु ७ लाख बिनियोजन गरेको छु।
- खेलकुदलाई छुट्टै विद्याको रुपमा विकास गर्न खेलकुद विकास समिति गठन गर्नुका साथै मेयरकप, २ जना प्रशिक्षकको तलब भत्ता लगायत नगरमा खेलकुद संचालनमा ल्याउन आवश्यक बजेट रु. २५ लाख विनियोजन गरेकी छु ।
- गरिब, जेहन्दार, विपन्न, र अपांगता भएका विद्यार्थीहरुलाई छात्रवृत्तिको लागि रु. ७ लाख बिनियोजन गरेकी छु ।
- विद्यालयमा अतिरिक्त क्रियाकलाप अनुदानका लागि रु. ६ लाख २० हजार बिनियोजन गरेकि छु।
- सामुदायिक विद्यालयमा विद्युत मर्मत, खानेपानी, मसलन्द खर्चका लागि रु. ३८ लाख विनियोजन गरेकी छु ।
- बालविकास देखि कक्षा ५ सम्म अंग्रेजी माध्यमका पाठ्यपुस्तक र मुल्यांकन पुस्तिका छपाईका लागि आवश्यक बजेटको व्यवस्था गरेकी छु ।

## ३.

आ.व. २०८०/०८१ का लागि स्वास्थ्य तर्फ रु. २  करोड ७४ लाख बजेट बिनियोजन गरेकी छु ।जसमध्ये मुख्य मुख्य कार्यक्रमहरु निम्न छन ।

- आधारभूत तथा आकस्मिक कार्यका लागि औषधि तथा उपकरण तर्फ रु. ३० लाख बजेट बिनियोजन गरेकी छु ।
- जेष्ठ नागरिक तथा महिलाहरुका लागि विषेशज्ञ सिविर लगायत, सुगर, प्रेसर जांच र नसर्ने रोग सम्बन्धि समुदायस्तरमा जनचेतनामुलक कार्यक्रमका लागि रु. ९ लाख ५० हजार बजेट बिनियोजन गरेकी छु ।
- सिकलसेल बिरामी र जन्म योजना अनुसार बच्चा जन्माउने विवाहित दम्पतिहरुलाई फोलिक एसिड र गर्भवती महिलाहरुलाई क्याल्सियम वितरण कार्यक्रमका लागि रु. ९ लाख बजेट बिनियोजन गरेकी छु ।
- महिला स्वास्थ्य स्वयम सेविका कार्यक्रम तर्फ रु. ८ लाख ८६ हजार ४ सय बजेट बिनियोजन गरेकी छु ।
- नागरिक आरोग्य केन्द्र संचालन तथा व्यावास्थापन तर्फ रु. १५ लाख बजेट बिनियोजन गरेकी छु ।
- विद्यालय स्वास्थ्य शिक्षा तथा स्वास्थ्य परिक्षण, पूर्ण खोप घरधुरी सर्वेक्षण, वर्थिंग सेन्टर, सोलार व्याकप लगायत करारका कर्मचारीहरुलाई तलब भत्तामा रु १ करोड २१ लाख ३१ हजार ६ सय ३० बजेट बिनियोजन गरेकी छु ।
- यस आ.व. मा मधुवन नगरपालिकामा नगर अस्पताल संचालन तथा व्यावास्थ्यनका लागि रु. ९० लाख बजेट बिनियोजन गरेकी छु ।
- पोषण सुधार कार्यक्रमका लागि रु. ६ लाख ८० हजार बिनियोजन गरेकी छु ।

## ४.

"आयआर्जन र रोजगारीको मुख्य आधार, ब्यवशायिक पशुपन्छी पालनमा हाम्रो सरोकार" नारा सहित पशु  सेवा तर्फ देहाय अनुसारका मुख्य कृयाकलापहरु समेटिने गरी बजेटको ब्यवस्था गरेकी छु ।

- पशुपालन ब्यवशायलाई ब्यवशायिकरण, आधुनिकिकरण, बिबिधिकरण, बजारीकरण र यान्त्रिकीकरण गरी आयात प्रतिस्थापन गर्ने, आत्मनिर्भर हुदै निर्यातको दर बढाउने, रोजगारी स्थापना गर्ने, गरिवि निवारणको मुख्य स्तम्भको रुपमा लिदै सम्मानित पेशाको रुपमा विकास गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएकी छु ।
- पशु स्वास्थ्य सेवालाई कृषकको गोठ खोरमा पुगाई पशु धनको सुरक्षा गर्न वडा वडामा प्राबिधिक घरघरमा सेवा कार्यक्रमलाई थप प्रभावकारी र ससक्त बनाउन रु १० लाख ५ हजार बिनियोजन गरेकी छु ।

- समूह आयआर्जन कार्यक्रम मार्फत नयाँ पशुपालन पकेट क्षेत्रको स्थापना गरी पशुपन्छी श्रोतकेन्द्रको रुपमा विकास गर्ने साथै पशुपन्छी तथा पशुपन्छी जन्य बस्तु दुध, फुल, मासुको उत्पादनमा थप बृद्धि गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएकी छु ।
- पशुपन्छीमा फैलिने बिभिन्न रोगहरुको उपचारकालागि उपचार सेवा को विस्तार गर्न पशु स्वास्थ्य सेवा गाँउघर क्लीनिक तथा शिविर सेवा कार्यक्रमको निरन्तरता दिईएको छ र सबै वडा तथा पशु सेवा केन्द्रबाट पशुपन्छी पालक कृषकहरुलाई निःशुल्क औषधीको प्रबन्ध गर्नका लागि रु १५ लाख बिनियोजन गरेकी छु ।
- पशु आहारामा सुधार गर्न तथा उत्पादन लागत कम गराउन हरियो घाँस विकास कार्यक्रम स्थानिय स्तरमा दाना बनाई प्रयोग गराउने, घाँस खेती, घाँसको श्रोत केन्द्र विस्तार जस्ता कार्यक्रमको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएकी छु ।
- कृषि तथा पशुपन्छी जन्य वस्तुको सिमापार खुला आयात निरुत्साहित गर्न पारिको हैन बारीको नीति अनुसार स्थानिय उत्पादनलाई प्रोत्साहन गरिनेछ । जसका लागि स्थानिय बजार, हाँट बजार, माछा,मासु पसल लगायतमा स्थानिय उत्पादनलाई प्राथमिक्ता दिन निर्देशिका बनाई कार्यान्वन गर्न आवश्यक बजेटको ब्यवस्था मिलाएकी छु ।
- पशुपन्छी मृत्यु दर न्युन गर्न, कृषकको पशुधन सुरक्षा गर्न उपचार तथा प्रयोगशाला सेवालाई थप प्रभावकारी बनाउनुका साथै पशु विमामा अनुदान कार्यक्रम थप प्रभावकारी बनाउन आवश्यक बजेटको प्रबन्ध मिलाएकी छु ।
- पशु स्वास्थ्य तथा अन्य पशु सेवाका कार्यक्रमहरुलाई सबैको पहुचमा पुऱ्याउने उदेश्यले पशु सेवा केन्द्र ताराताल, ढोढरी, ओराली, वडा न. १, ५, ६, ८, ९मा स्थापना भई सेवा समेत सञ्चालन भैरहेकोले थप प्रभावकारी सेवा उपलब्ध गराउन औजार, मेसिनरी, र भौतिक निर्माणको ब्यवस्था गर्न आवश्यक बजेट बिनियोजन गरेकी छु ।
- सामुदायिक गाईबस्तु व्यवस्थापन(गौशाला व्यवस्थापन)को लागि हेरालु ब्यवस्थापन, टहरा निर्माण तथा मर्मत, खानेपानी, आहारा, औषधी लगायतको ब्यवस्थापनका लागि रु २५ लाख बिनियोजन गरेकी छु ।
- पशुपालन ब्यवशायबाट राम्रो उत्पादन तथा आम्दानी लिन कृषक स्तर प्रयोगात्मक तालिम, उन्नत पशु पालन, कृत्रिम गर्भाधान मार्फत नश्ल सुधार कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन आवश्यक बजेटको ब्यवस्था गरेकी छु।
- संघिय सरकारबाट सञ्चालन भएको एक गाँउ एक प्राबिधिक कार्यक्रमलाई निरन्तरता दिदै थप प्रभावकारी हुने गरी आवश्यक साँझेदारी का लागि रु २ लाख बिनियोजन गरेकी छु ।
- असहाय, गरिव विपन्न समुदायका ब्यक्तिहरुको आयआर्जन तथा रोजगारीका लागि सामाजिक सँस्था, सहकारी तथा समूहको साँझेदारीमा विपन्न सहायता आयआर्जन गाई/भैसी पालन

कार्यक्रम र बंगुर पालन कार्यक्रमको लागि रु १७ लाख ५० हजार बिनियोजन गरेकी छु ।

- बिभिन्न समयमा पशुपन्छीमा फैलन सक्ने महामारी तथा अन्य रोग नियन्त्रण गर्न खोप सेवा कार्यक्रमका लागि आवश्यक बजेट बिनियोजन गरेकी छु ।
- वडा न. १ सुर्यपटुवाका दूध उत्पादक कृषकहरुको समस्यालाई मध्यनजर गर्दै सहकारी, समूहको साँझेदारीमा दुग्ध संकलन केन्द्र स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरेकी छु ।

माथि उल्लेखित कार्यक्रम समेत गरि आगामी आर्थिक बर्ष ०८०/०८१ को बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा पशु सेवा क्षेत्रमा रु १ करोड बजेट बिनियोजन गरेकी छु ।

## ५.

कृषि क्षेत्रमा सुधार गरि उत्पादकत्व बढाई नागरिकको जीवन स्तर उठाउनुका साथै समग्र कृषि क्षेत्रको विकास गर्न देहायका कार्यक्रमहरु अवलम्बन गरिनेछ ।

- कृषिलाई व्यावसायिक बनाउन तथा उत्पादनमा अभिबृद्धि गर्ने उदेश्यले कृषि सोचमा परिवर्तन गर्नु आजको आवश्यकता भएको महसुस गरि व्यावसायिक खेति र पशुपालन तर्फ आवश्यक नविनतम प्रविधिको प्रयोग गर्न प्रत्येक वडामा नवीनतम कृषि प्रविधि प्रदर्शनी कार्यक्रम संचालनका लागि रु. ९ लाख ९० हजार बिनियोजन गरेकी छु ।
- कृषि विज्ञको सुझावका आधारमा धान, मकै, गहुँ, तोरी, मसुरो बालीहरुका साथै तरकारी बालीहरुको हकमा आलुको पकेट क्षेत्र बनाइ कृषिमा आत्मनिर्भर गराउन आलु उत्पादन गरि कोल्ड स्टोरमा भण्डारण गर्ने कृषकलाई अनुदान, बिउ उत्पादन गर्ने कृषि समूह सहकारीलाई बिउमा अनुदान तथा तरकारीको बिउमा जस्ता कार्यक्रम संचालनका लागि रु. ११ लाख  बिनियोजन गरेकी छु ।
- सबै वडाहरुमा एक वडा एक प्राविधिकको माध्यमबाट निःशुल्क प्राविधिक सेवा उपलब्ध गराउन आवश्यक बजेट बिनियोजन गरेकी छु ।
- कृषिमा आत्मनिर्भर कार्यक्रम अन्तर्गत समुहमा बेसार खेति गर्न चाहाने उद्यम संचालन गरि नगरपालिकाको "*मधुवन ब्रान्ड*" प्रयोगमा ल्याउन चाहाने इच्छुक कृषक समूह तथा कृषि सहकारीलाई प्रसोधन कार्यका लागि आवश्यक पर्ने मेशिनरी औजार अनुदान कार्यक्रमका लागि रु. ५ लाख  बिनियोजन गरेकी छु ।
- विपन्न, गरिब, एकल महिला, भूमिहीन पहिचान गरि आयआर्जन मुखी कार्यक्रम जस्तै च्याउ खेति, तरकारी नर्सरी स्थापना तथा तरकारी खेति जस्ता कार्यक्रममा संलग्न गराई रोजगारी सिर्जना गर्न च्याउ खेति अनुदान, समुहमा आयआर्जन कार्यक्रमका लागि रु. ५ लाख हजार बिनियोजन गरेकी छु ।
- कृषिमा सिंचाई क्षेत्रको विकास गरिनेछ । सिंचाई नपुगेको क्षेत्रका किसानहरुलाई अनुदानमा पम्पिंग सेट, बोरिंग, मोटरहरु उपलब्ध गराई कृषकलाई कृषिमा आत्मनिर्भर गराई जीवनस्तर सुधार गराउन रु. १० लाख  बिनियोजन गरेकी छु ।

- किसानलाई आफ्नो जमिनको माटोको परिक्षण गराई सोको यथार्थ विवरण तथा प्राविधिक भिजिट रेकर्ड समेत देखिने गरि किसान कार्डको व्यवस्था गर्न रु. ४ लाख बजेट बिनियोजन गरेकी छु ।
- जडिबुटी जन्य कन्दमुल जस्तै कुरीलो, सिमल तरुल लगायतका बालीहरुको विकास, प्रवर्द्धन तथा संरक्षणमा बिशेष जोड दिन आवश्यक बजेट विनियोजन गरेकी छु ।
- हरियो मल, कम्प्ष्ट मल, गड्यौला मल र गोबर मल जस्ता मलहरु उत्पादनमा कृषकहरुलाई प्रोत्साहन गरि रासायनिक मल प्रतिको निर्भरता कम गर्न रु. ३ लाख बजेट बिनियोजन गरेकी छु ।
- यसै वर्ष देखि माटो परिक्षण गर्न कृषि ल्याबको व्यवस्था गर्नुका साथै आवश्यक अधिकृत जस्ता जनशक्तिको समेत व्यवस्था गर्न आवश्यक बजेट बिनियोजन गरेकी छु ।

माथि उल्लेखित कार्यक्रम समेत गरि आगामी आर्थिक बर्ष ०८०/०८१ को बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा कृषि क्षेत्रको समग्र विकासका लागि रु ७५ लाख बजेट बिनियोजन गरेकी छु ।

## ६.

महिला बालबालिका जेष्ठ नागरिक तथा लक्षित वर्ग क्षेत्रमा रु ४० लाख बजेट बिनियोजन गरेकी छु जसमध्ये मुख्य कार्यक्रम निम्न छन ।

- बेरोजगारीको अवस्थामा रहेका महिला तथा किशोरीहरुलाई सिपमुलक एवम आयमुलक तालिम को माध्यमबाट घरेलु तथा कुटिर उद्योगधन्दामा संलग्न हुने अवसर प्रदान गरी उद्यमशिलता विकाश , आत्मनिर्भर र सक्षम हुन आवश्यक बजेटको ब्यवस्था गरेकी छु जसको लागि रु. ११ लाख बिनियोजन गरेकी छु । साथै अपाङ्गता भएका व्यक्तिहरुलाई उनीहरुको रुची र चाहना अनुसारको सिप तथा व्यावसायिकता विकास तालिमको लागि आवश्यक बजेट बिनियोजन गरेकी छु ।
- सासु-बुहारी अन्तरक्रिया / श्रीमान-श्रीमती अन्तरक्रिया / हजुरबुवा-नातीनातिना अन्तरक्रिया तथा परिवारका अन्य सदस्यहरु संग विभिन्न किसिमका हिंसा न्यूनीकरण, लैंगिक तथा घरेलु हिंसा अन्त्यका लागि जनचेतनामुलक अभियान, जेष्ठ नागरिकमा रहेका ज्ञान, सिप, सिर्जना, संस्कार र अनुभव पछिल्लो पुस्तालाई हस्तान्तरण गर्न जेष्ठ नागरिक संग नयाँ पुस्ता सम्बाद कार्यक्रम, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धि लगायतका जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ। जसका लागि रु. १७ लाख ९० हजार बिनियोजन गरेकी छु ।
- अपाङ्गता सहायता सामग्री वितरण कार्यक्रम, मधुवन नगरपालिका भित्र संचालनमा रहेका बालबालिका पुनस्थापना केन्द्र, जेष्ठ नागरिक आश्रय केन्द्र, अशक्त स्याहार केन्द्र संचालनका लागि सहयोगका लागि रु. ५ लाख ५० हजार विनियोजन गरेकी छु।
- अन्य विभिन्न लक्षित कार्यक्रम हरुका लागि आवश्यक बजेट बिनियोजन गरेकी छु ।

मधुवन न.पा.

७.

- सस्कृति पर्यटन क्षेत्रको समग्र विकासको लागि रु. ४० लाख बजेट विनियोजन गरेकी छु ।
- विपद व्यवस्थापन तथा तटबन्धन कार्यक्रमका लागि रु. ६५ लाख बिनियोजन गरेकी छु ।
- वन वातावरण संरक्षण तथा प्रवर्द्धनका लागि आवश्यक बजेट बिनियोजन गरेकी छु ।
- घरेलु उद्योग व्यवस्थापन तथा सहकारी क्षेत्र संग साझेदारी कार्यक्रमका लागि रु. २० लाख बजेट विनियोजन गरेकी छु ।
- न्यायिक समितिमा दर्ता हुन आएका विवाद समाधानमा सहज, सरल, छिटो, छरितो, निश्पक्ष रुपमा सहजीकरण गरि नागरिकलाई स्थानीय स्तरमा न्याय सुनिश्चितताका लागि न्यायिक कारबाहीलाई व्यवस्थित गर्न रु. २० लाख बजेट बिनियोजन गरेकी छु ।
- प्रत्येक वडामा बैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराउने आर्थिक सहायता वितरण सम्बन्धि कार्यक्रम सम्बन्धि जनचेतना तथा रेडियो कार्यक्रमहरु संचालनका लागि आवश्यक बजेट बिनियोजन गरेकी छु।
- बैदेशिक रोजगार बाट फ़र्किएकाहरुको लागि पुनः एकीकरण कार्यक्रम मार्फत स्वदेशमै केहि गर्ने वातावारण सिर्जना गर्नका लागि बैदेशिक रोजगार बोर्ड संग समन्वय गरि विभिन्न आत्मनिर्भरता सम्बन्धिका तालिम प्रदानका लागि आवश्यक बजेट बिनियोजन गरेकी छु ।
- फोहोरमैला व्यवस्थापनका लागि रु. ५५ लाख बजेट बिनियोजन गरेकी छु ।
- खानेपानी व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गरेकी छु ।

**सभा अध्यक्ष महोदय,**

अब म आ.व. २०८०/०८१ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु । मधुवन नगरपालिकाको नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका लक्ष्य र उदेश्यहरु परिपूर्ति गर्न सिमित स्रोत र साधन बाबजुद सबै क्षेत्र समेट्ने गरि कुल बजेट रु. १ अर्व ६ करोड ६४ लाख २३ हजार ८ सय ३५ बिनियोजीत गरेकी छु ।विनियोजित बजेट मध्ये चालु तर्फ रु. ७२ करोड ६७ लाख ९८ हजार ८ सय ३५ अर्ताथ ६८.१५ प्रतिशत र पुँजी तर्फ रु. ३३ करोड ९६ लाख २५ हजार अर्थात् ३१.८५ प्रतिशत बिनियोजन गरेकी छु।

चालु आ.व. को जेष्ठ मसान्त सम्म आ.व. २०८०/०८१ को लागि संघिय सरकार समानीकरण अनुदान वापत १३ करोड ५१ लाख, संघिय सरकार ससर्त अनुदान वापत २५ करोड ४८ लाख, संघिय सरकार विशेष अनुदान वापत १ करोड, समपुरक अनुदान वापत १ करोड ३० लाख र संघिय सरकार राजश्व बाँडफाड वापत ११ करोड ५७ लाख ४९ हजार को बजेट सिमा प्राप्त भएको छ ।

प्रदेश सरकार समानीकरण वापत १ करोड ४५ हजार, प्रदेश ससर्त अनुदान वापत १ करोड १ लाख ५० हजार, प्रदेश सरकार समपुरक अनुदान वापत १ करोड ५० लाख, प्रदेश विशेष अनुदान वापत ७० लाख र प्रदेश सरकार राजश्व बाँडफाड वापत ५९ लाख ५४ हजार ८ सय ३५ को बजेट सिमा प्राप्त भएको छ ।

स्थानीय सरकारको आन्तरिक स्रोत तर्फ रु. ६ करोड ७८ लाख रकम प्रक्षेपण गरेकी छु । चालु आ.व. को खर्च नभई बचत रहेको रकम मध्ये रु. १३ करोड अल्या रकम बचत हुने अनुमान गरिएको छ । माथि उल्लेखित संघ, प्रदेश बाट प्राप्त अनुदान तथा स्थानीय तहको आन्तरिक स्रोतको आधारमा बजेट बिनियोजन गरेकी छु ।

आ.व. २०८०/०८१ को आय व्ययको विस्तृत बिवरण तलको तालिकामा समावेश गरेकी छु ।

**मधुवन नगरपालिका बर्दियाको आ.व ०८०।०८१ को कुल प्रस्तावित बजेट अनुमान**

| क.स | आम्दानी विवरण (श्रोत) | रकम | क.स | खर्चको विवरण(विषयगत क्षेत्र) | बजेट सिमा |
|---|---|---|---|---|---|
| १ | संघिय समानिकरण अनुदान | १३,५१,००,००० | १ | निसर्त चालु खर्च | १०,००,००,००० |
| २ | संघिय राजश्व बाडफाड | ११,५७,४९,००० | २ | पूजिगत खर्च | २९,९६,४८,८३५ |
| ३ | संघिय सशर्त अनुदान | २५,४८,००,००० | ३ | संघिय शसर्त अनुदानतर्फका कार्यक्रमहरू | २५,४८,००,००० |
| ४ | संघिय विशेष अनुदान | १,००,००,००० | ४ | संघिय विशेष अनुदानतर्फका आयोजना | १,००,००,००० |
| ५ | संघिय समपुरक अनुदान | १,३०,००,००० | ५ | संघिय समपुरक अनुदानतर्फका आयोजना | १,३०,००,००० |
| ६ | प्रदेश समानिकरण अनुदान | १,००,४५,००० | ६ | प्रदेश शसर्तअनुदानतर्फका आयोजना | १,०१,५०,००० |
| ७ | प्रदेश राजश्व बाडफाड | ५९,५४,८३५ | ७ | प्रदेश विशेष अनुदानतर्फका आयोजना | ७०,००,००० |
| ८ | प्रदेश सशर्त अनुदान | १,०१,५०,००० | ८ | प्रदेश समपुरक अनुदानतर्फका आयोजना | १,५०,००,००० |
| ९ | प्रदेश विशेष अनुदान | ७०,००,००० | ९ | सामाजिक सुरक्षा कार्यक्रम | २५,००,००,००० |
| १० | प्रदेश समपुरक अनुदान | १,५०,००,००० | १० | सडक बोर्डतर्फका आयोजना | ४५,००,००० |
| ११ | सामाजिक सुरक्षा कार्यक्रम | २५,००,००,००० | ११ | पी.एल.जी.एस.पी | ४,५०,००० |
| १२ | सडक बोर्ड | ४५,००,००० | १२ | अस्पताल निर्माण आयोजना | ३,६८,७५,००० |
| १३ | पी.एल.जी.एस.पी | ४,५०,००० | १३ | निर्माणाधिन आयोजनाहरू (अ.ल्या.दायित्व) | ६,५०,००,००० |
| १४ | अस्पताल निर्माण | ३,६८,७५,००० | | | |
| १५ | आन्तरीक आय | ६,७८,००,००० | | | |
| १६ | अनुमानित अ.ल्या रकम | १३,००,००,००० | | | |
| | जम्मा | १,०६,६४,२३,८३५ | | जम्मा | १,०६,६४,२३,८३५ |

**सभा अध्यक्ष ज्यू,**

उल्लेखित बजेट तथा कार्यक्रम तर्जुमाका क्रममा अहोरात्र खटिने प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरु, सरोकार पक्ष लगायत बजेट निर्माण तर्जुमा गर्ने क्रममा साथ सहयोग र सहकार्यका साथै सकारात्मक सुझाव प्रदान गर्नु हुने जनप्रतिनिधीहरु, राजनैतिकदलका मित्रहरु, आम नागरिक, शिक्षकगुरुवर्ग, समाजसेवी, पत्रकार, युवा वर्ग, महिला अधिकारकर्मी,करदाता, सरकारी, गैरसरकारी, सामुदायिक संस्थाहरु तथा राष्ट्रसेवक कर्मचारी प्रति हार्दिक आभार व्यक्त गर्दै नीति, कार्यक्रम तथा बजेटको सफल कार्यान्वयनका लागि सहयोगको अपेक्षा गरेकी छु ।

**धन्यवाद !!!**

**अनिता चौधरी**
**नगर उप-प्रमुख**
**मधुवन नगरपालिका, बर्दिया**

**मितिः २०८०/०३/१०**

मधुवन न.पा.